**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१.दार्जिलिंग पहाडमा हिजो साँझ देखि परेको मुसलधारे वर्षाले गर्दा 20 भन्दा बडी मानिसहरूको ज्यान गएकोछ तथा व्यापक स्तरमा क्षयक्षति भएकोछ।

२.राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन , प्रधान मन्त्री नरेन्द्र मोदी गृहमंत्री अमित साहले पश्चिम बंगालको दार्जीलिङमा पहिरोको कारण ज्यान गुमाएकाहरुप्रति दुःख व्यक्त गर्नुभएको छ।

३.राज्यकी मुख्यमंत्री ममता ब्यनार्जीले पहिरोमा परि ज्यान गुमाएकाहरुप्रति श्रधांजलि अर्पण गर्नु हुदै शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्नु भएको छ |

४.जीटीए अन्तर्गत विभिन्न क्षेत्रहरूमा लगातार वर्षा र पहिरोको घटनाका कारण, जनताको सहयोगको लागि हेल्पलाइन नम्बरहरू साझा गरिएको छ।

५.प्रधानमन्त्री नरेन्द्र मोदीले अविरल वर्षाका कारण नेपालमा भएको मानवीय क्षति दुःखद् भएको बताउनु हुदै भारत यस कठिन घडीमा नेपाल सरकार र जनतासँग ऐक्यबद्धताका साथ खडा रहेको बताउनु भएको छ ।

**दार्जीलिङमा वर्षा र पहिरो**

दार्जिलिंग पहाडमा हिजो साँझ देखि परेको मुसलधारे वर्षाले गर्दा 20 भन्दा बडी मानिसहरूको ज्यान गएकोछ तथा व्यापक स्तरमा क्षयक्षति भएकोछ। मिरिक महकूमामा गएको पैह्रोमा कैयन घरहरू राति पूरिन्दा 13 जनाको ज्यान गएकोछ भने कैयन घाइते भएका छन्। सुकिया पोखरी खण्डमा पैह्रोमा परि 6 जनाको ज्यान गएको पुष्टी भएकोछ भने बिजनबारी खण्डमा एक जनाको ज्यान गएकोछ। भारी वर्षाले गर्दा दुधेको पूल पूर्ण रूपले भत्केको छ र सिलगढी मिरिकको सम्पर्क बिछिन्न भएकोछ। तिस्ता नदीको जल स्तर निकै बढेर राष्ट्रीय राजमार्ग संख्या 10 अवरूद्ध छ, कैयन ठाउँमा राजमार्ग जल मग्न छ। सिलगढी गान्तोक बीचको सम्पर्क बिछिन्न भएकोछ। दार्जिलिंग पुलिस अधीक्षक नवीन प्रकाशले मानिसहरूसित अनावश्यक यात्रा नगर्ने तथा स्थानीय पुलिस सित सड़क मार्गहरू खुला छ वा छैन त्यसको जानकारी लिएर मात्र यात्रा गर्ने अनुरोध गर्नु भएकोछ।

**BYTE**

भीषण वर्षाले गर्दा कैयन नदीहरूको जल स्तर खतराको चिनो भन्दा माथि बगिरहेको छ।माल तथा पूर्वाधारहरू विशेष गरि सडक व पूलहरूलाई क्षति पुगेकोछ। कालेबुंग जिल्लाको कैयन स्थानहरूमा पनि पैह्रो गएकोछ तथा कतिपय सडकहरू अवरूद्ध बनेकोछ। भूस्खलनले कैयन घर नष्ट भएको समाचार छ।दार्जिलिंग तथा कालेबुंग जिल्ला प्रशासन र स्थानीय निकायहरूले राहत र बचाव कार्य युद्ध स्तरमा चलाई राखेका छन्।

**राष्ट्रपति र उपराष्ट्रपति**

भारत सरकारको गृह मंत्रालयले एनडिएमए अधिनियम २००६ अर्न्तगत दार्जीलिङ पहाड़ (जीटिए) मा राष्ट्रिय आपदा घोषित गरेको छ। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी राघाकृष्णन अनि प्रधानमंत्री नरेन्द्र मोदीले पश्चिम बंगालको दीर्जलिङमा भल पहिरोकोकारण मानवय क्षतिसहित भौतिक पूर्वाधारहरूमा पनि व्यापक क्षति भएकोमा दुःख व्यक्त

गर्नुभएको छ। ज्यान गमुाउनेहरूप्रति दुःख व्यक्त गर्नुभएको छ। राष्ट्रपति मुर्मुले दार्जीलिङमा भारी वर्षा र पहिरोको कारण भएको मानवीय क्षतिप्रति दुःख व्यक्त गर्नुहुँदै उहाँले शोक सन्तप्त परिवारजनमा हार्दिक संवेदना प्रकट गर्नुभएको छ। उहाँले उद्दार र राहत कार्यको तत्परताको कामना गर्नुहुँदै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ। उपराष्ट्रपति राधाकष्णनले पनि घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

प्रधानमंत्री नरेन्द्र मोदीले आफ्नो संवेदना व्यक्त गर्नुहुँदै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नु भएको छ। उहाँले दार्जीलिङ र वरपरका क्षेत्रमा भारी वर्षा र पहिरोका कारण उत्पन्न स्थितलाई नजीकबाट नियालिरहेको जानकारी दिनुहुँदै प्रभावितहरूलाई सकदो सहयोग र्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। गृहमंत्री अमित शाहले पनि दार्जीलिङमा परेको अविरल वर्षाका कारण भएको मानवीय क्षतिसहित भौतिक पूर्वाधारहरूमा पनि व्यापक क्षति पुगेकोमा शेक व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्टमा श्री शाहले – राष्ट्रिय आपदा मोचन बलका दलहरू घटनास्थलमा पुगिसकेको अवगत गराउनुहुँदै आवश्यक परेको खण्डमा थप दलहरूलाइ पनि तैनात गरिने बताउनुभएको छ। श्री शाहले यस आपदाको घड़ीमा दार्जीलिङ सांसद राहजु विष्टसित बातचित भएको साथै स्थितिको संज्ञान लिएको बताउनु हुँदै भाजपा कर्यकर्ताहरूले यो आपातकालिन स्थिति मा सेवा प्रदान गरिरहेको बताउनुभ्ज्ञएको छ। गृहमंत्रीले यो विपदामा प्राण गुमाउनेहरूका प्रियजनहरूष्को साथमा आफू रहेको बताउनुहुँदै घाइतेहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

**<u>ममता दार्जीलिंग पैरो</u>**

दार्जीलिङ पहाडमा भल पैरोले पुराएको व्यापक छती प्रति राज्यकी मुख्यमन्त्री ममता बनेर्जीले गहिरो शोक प्रकट गर्नु भएको छ। उहाले सामाजिक संजाल मा पोस्ट गर्नु हुदै,उत्तर बङ्गाल लगायात दार्जीलिंग पहाडमा भल पैरोले पुराएको क्षति माथि नजिक बाट दृष्टि राखिरहेको बताउनु भयो छ, साथै मुख्यमन्त्रीले पैरोमा परि ज्यान गुमाएकाहरु प्रति श्रधांजलि अर्पण गर्नु हुदै शोकाकुल परिवार प्रति समबेदना प्रकट गर्नु भएको छाताजा स्तिथिबारे जानकारी लिन उहाले राज्यका मुख्य सचिव,डी.जी,जिल्लापाल ,पुलिस अधिक्षक लगायात गौतम देब अनि जी.टि.ए कार्यपाल अनित थापा संग वेर्तुअल बैठक गरेको पनि जानकारी गराउनु भएको छ। सुत्रका अनुसार भल पैरोले पुराएको क्षतिबारे बुज्न उनी भोली सोमबार उत्तर बङ्गाल आउने कार्यक्रम रहेको छ।

**<u>रोहिणी रोड</u>**

आज बिहान खरसाङको रोहिणी रोड (सुवास घिसिङ मार्ग) मा पैह्रो गएपछि सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 (पहिला 55) भएर कुदिरहेका छन्। सिलगढीबाट खरसाङ हुँदै दार्जिलिङ र दार्जिलिङबाट खरसाङ हुँदै सिलगढी जाने सबै गाडीहरु रोहिणी रोड भएर छिट्टो पुग्ने हुनाले रोहिणी रोड भएर कुद्ने गर्दथे। तर रातभरि परेको पानीले गर्दा खरसाङको गौरी शंकर चियाबारीदेखि केही मुनि रोहिणी रोडमा पैह्रो गएपछि सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 भएर कुदिरहेका छन्। रोहिणी रोड पैह्रोले वाधित बनेपछि सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 को अन्तिम तीनधारे, घैयाबारी, महानदी र गिध्द पहाड हुँदै कुदिरहेका छन्। यस रोडमा सधैं बस र यस क्षेत्रको मात्रै गाडीहरु कुद्ने गरेका थिए भने आज दार्जिलिङदेखि सिलगढी र सिलगढीदेखि दार्जिलिङ जाने सबै गाडीहरु यही रोड भएर कुदिरहेका छन्। हुन त रोहिणी रोड बनिनु अघि सबै गाडीहरु यही रोड भएर कुद्ने गर्दथ्यो। तर रोहिणी रोड बनाएपछि भने राष्ट्रिय राजमार्ग भएर गाडीहरु कम कुद्ने गरेका थिए। तर आज बिहान रोहिणी रोडमा पैह्रो गएपछि भने सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 अन्तर्गत तीनधारे, घैयाबारी, महानदी र गिध्द पहाड हुँदै खरसाङ भएर कुदिरहेका छन्। विशेष गरेर सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 भएर कुदेकोले तीनधारे क्षेत्रमा ट्राफिक जामको समस्या देखिएको छ। विशेष गरेर तीनधारेको गोलाई पाखा क्षेत्रमा गाडीको जाम देखिएको स्थानीयहरुले बताएका छन्।

**<u>अजय एडवर्ड</u>**

इण्डियन गोर्खा जनशक्ति फ्रन्ट का संस्थापक अजय एडवर्ड ले दार्जीलिङ जिल्लाको विभिन्न स्थानहरूमा आएको यो विनासकारी विपत्तीप्रति आफ्नो हार्दिक चिन्ता र गहिरो दुःख व्यक्त गर्नुभएको छ, साथै पीड़ितहरू र तिनका परिवारसंग यो कठिन घड़ीमा एकबद्ध भएर उभिने अपील गर्नुभएको छ। भल पहिरोले पुरयाएको क्षयिक्षतिबारे जानकारी लिन अनि घाइतेहरूलाई भेटेर उनीहरू बारे सोधपूछ गर्नको निम्ति उत्तर बंगालका पुलिस महानिरीक्षक राजो कुमार यादव मिरिक महकुमा अस्पताल पुग्नु भयो।

**दार्जिलिङडर पहिरो**

दार्जिलिङमा भलपहिरोबाट १८ भारतीय र ५ जना नेपालका गरी २३ जनाको मृत्यु भएको छ। भारत–नेपाल सीमा मानेभञ्ज्याङमा ५ नेपालीको मृत्यु भएको छ।बिजनबारीको पुलबजार पुल भत्किएपछि थानालाइन र छेउछाउका गाउँहरू मुख्य सहरबाट विच्छेद भएका छन् यसैबीच, कालेबुङमा अविरल वर्षाका कारण एउटा गाडी सडकबाट चिप्लिएर खोचमा खस्दा चार जनाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएका छन्। बाढी पहिरोका कारण चित्रेमा सिक्किम र समथर भूभाग जोड्ने लाइफलाइन राष्ट्रिय राजमार्ग १० बन्द भएको छ।उद्धार र सफाइ कार्य जारी छ, यद्यपि भारी वर्षाले प्रगतिमा बाधा पुर् याइरहेको छ। अधिकारीहरूले टिस्टा जस्ता नदीहरूमा पानीको सतह बढेको रिपोर्ट गरेका छन्, जुन अघिल्लो बाढीसँग सम्बन्धित प्रकोपहरूसँग मिल्दोजुल्दो छ।स्थानीय प्रशासनले आगामी दिनमा थप वर्षा हुने भएकाले स्थानीय बासिन्दा र पर्यटकलाई घरभित्रै बस्न र अनावश्यक यात्रा नगर्न आग्रह गरेको छन।

**नेपाल- बर्षा**

नेपालमा भारी वर्षापछि आएको बाढी र पहिरोका कारण सडक अवरुद्ध हुनुका साथै पुलहरू बगाएका छन्। शुक्रबारदेखि अहिलेसम्म ४७ जनाको मृत्यु भएको अधिकारीहरुले जानकारी दिएका छन्। अति प्रभावित पूर्वी जिल्ला इलाममा ३७ जनाको मृत्यु भएको छ।नेपालको राष्ट्रिय आपदा जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले उद्धार कार्य जारी रहेको जानकारी दिनु भएको छ । काठमाडौं विमानस्थलका प्रवक्ताले भन्नुभयो आन्तरिक उडानहरू धेरै हदसम्म अवरुद्ध भएका छन्, तर अन्तर्राष्ट्रिय उडानहरू सामान्य रूपमा संचालन भइरहेको छ। दक्षिणपूर्वी नेपालमा कोसी नदी खतराको निशानाभन्दा माथि बगिरहेको छ। पहाडले घेरिएको काठमाडौंमा सडक डुबानमा परेको छ भने धेरै घर डुबानमा परेका छन्। राजधानीले देशको बाँकी भागसँग सडक सम्पर्क गुमाएको छ। मौसम विभागले नेपालमा भोलिसम्म भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

**प्रधानमंत्री-नेपाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले अविरल वर्षाका कारण नेपालमा भएको मानवीय क्षति दुःखद् भएको बताउनु भएको छ । सामाजिक सञ्जालमा पोष्ट गर्नुहुदै श्री मोदीले भन्नुभयो, भारत यस कठिन घडीमा नेपाल सरकार र जनतासँग ऐक्यबद्धताका साथ खडा छ। एक मित्र छिमेकी र तत्काल सहायता प्रदायक देशको रुपमा भारत कुनै पनि सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको प्रधानमंत्रीले बताउनुभयो।